पाल्हिनन्दन गाउपालिका
गाउ कार्यपालिकाको कार्यालय,
कुश्मा नवलपरासी
५ नं प्रदेश

प्रथम पटक सूचना प्रकाशित मिति:२०७५।१२।९

**आ.व.०७४/०७५को लागि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गरी ओसार पसार तथा बिक्री वितरण गर्ने र स्थानीय विकास एवं वातावरण संरक्षण शुल्क उठाउने कार्यको बोलपत्र आव्हान संबन्धी सूचना**

यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४को दफा ११ घ (६) बमोजिममा व्यवस्था भए बमोजिम पाल्हीनन्दन गाउपालिको क्षेत्राधिकार भित्र पर्ने तपशिलका खोलाबाट निकासी हुने बालुवा,भस्कट आदी प्राकृतिक श्रोतमा पाल्हीनन्दन गाउपालिकाले ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक कम्पनी वा फर्मले आफ्नो फर्म वा कम्पनीको दर्ता वा नविकरण भएको प्रमाणपत्र,आ.व.०७३।०७४ को करचुक्ता प्रमाणपत्र एवं स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र पेश गरी बोलपत्र खरिद गर्नका लागि निम्न शर्तको अधिनमा रही बोलपत्र पत्र पेश गर्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१.सम्बन्धित कागजातहरु संलग्न भएको बोलपत्र फारम पाल्हीनन्दन गाउ कार्यपालिकाको कार्यालय कुश्मा, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा १५ औ दिनसम्म कार्यालय समयभित्र पाल्हीनन्दन गाउ कार्यपालिकाको कार्यालय नवलपरासीको नाममा रहेको संचितकोष खाता न.३१००३०४०१८१०४,रा.बा.बैक परासी मा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई वा कार्यालयबाट तोकिएको दस्तुर तिरी खरिद गर्न सकिने छ ।

२.बोलपत्र खरीद गर्दा आ.व.०७३/७४ सम्म नवीकरण भएको ईजाजत पत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७३/७४ को कर चूक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३.यसरी खरिद गरिएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२ :०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ (म्याद भित्र प्राप्त हुन आएका बोलपत्र सोही दिन दिनको १३ :०० बजे तथा बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहबरमा पाल्हीनन्दन गाउ कार्यपालिकाको कार्यालय कुश्मा, नवलपरासीको कार्यालयमा खोलिने छ । बोलपत्र वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४.बोलपत्र दातालाई बोलपत्रमा दर (रेट) भन्दा अघि सम्बन्धि निर्माणस्थलको अवलोकन/ निरिक्षण गर्न सभाव दिईन्छ । उल्लेखित दरेट निर्माणस्थलको यथार्थ वस्तुस्थिती बुझि भरेको मानिने छ ।

५.बोलपत्रको आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गनपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. ठेक्का अवधी सम्झौता मिति देखि जेठ मसान्त सम्म हनेछ ।

७. बोलपत्र साथ आफुले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने जमानत बापतको रकम तल उल्लेखित पाल्हीनन्दन गाउ कार्यपालिको कार्यालय कुश्मा ,नवलपरासीको रा.बा.बैंक, परासी शाखामा रहेको धरौटी खाता ३१००३०३०७१०४ न ३ मा दाखिला गरेको सक्कल भौचर संलग्न हनपर्नेछ ।

८. कुनै पनि बोलपत्रदाताले एउटा बोलपत्र खरीद र दाखिला गर्न सकोछन । यो शर्त संयुक्त उपक्रममा पनि लागु हुनेछ ।

९. बोलपत्र पेश गर्दा खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रमसंख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१०.बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

११.रित नपुगी वा म्याद नाघी आएका बोलपत्र उपर कुनै कार्बाही हुनेछैन ।

१२.नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३.बोलपत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१४.ठेक्का कबोल गर्ने ठेकेदारले पाल्हीनन्दन गाउपालिकाकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी पाइएमा नियमानुसार कार्यवाही गरिनेछ ।

१५.ठेक्काको स्वीकृत कबोल अंकको रकम सम्पर्ण रकम सम्झौताको बखत एकमुष्ठ नगद बुझाउदा ५ प्रतिशत छुट दिइनेछ ।

१६.ठेक्का लिएबापत ठेकेदारले नेपाल सरकार वा अन्य निकायलाई बुझाउनपर्ने सम्पर्ण कर आफैले बुझाउनु पर्नेछ (उक्त करहरु किस्ता संगै अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

१७.बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले सात दिनभित्र कबोल अंकको १.५ प्रतिशत र १३ प्रतिशत भ्याट रकम पाल्हिनन्दन गाउपालिकामा बुझाउनु पर्नेछ । स्वीकृत कबोल अंकको ५० प्रतिशत प्रथम किस्ता बापत नगदै बुझाउनु पर्नेछ र बाकी रकमको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नु पर्नेछ । कबोल अंकको बाकी ५० प्रतिशत रकम दुइ किस्तामा बुझाउनु पर्नेछ ,दोस्रो किस्ता २५ प्रतिशत २०७४ बैशाख मसान्त भित्र र बाकी २५ प्रतिशत तेस्रो किस्ताबापतको रकम २०७५ जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ अन्यथा प्रथम किस्ताबापतको रकम र धरौटी रकम जफत गरिनेछ ।

१६ वालुवा,भस्कट निकासीगर्ने बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ ,खर्चको दावी गर्न पाइने छैन ।

१७.ठेकेदारले खोलाको दायां बायां निर्माण भएको बाध,कुलो,नहर तटबन्ध आदिको १०० मिटर दाया बायाबाट तथा पुलको २०० मिटर माथिबाट बालुवा,भस्कट निकाल्न पाइने छैन ।

१८.उपरोक्त बुदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१९.बोलपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

| क.सं. | ठेक्का क.सं. | ठेक्काको किसिम | कामको विवरण | संकलन/उत्खनन् गनपर्ने अमानित परमाण घन फटमा | बिक्री दर रु.(भ्याट बाहेक। | जम्मा न्यनतम अंक रु. | बोलपत्र पत्र खरिद दस्तर ( रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | ४/०७४/७५ | बोलपत्र। भस्कट,बालुवा निकाल्ने) | झरही खोला (रामग्रामको सिमाना देखि पिपरैया पुल सम्म) | २०००००।०० घन फुट | १।०० | २०००००।०० | १०००।०० |
| २ | ५/०७४/०७५ | बोलपत्र(भस्कट, बालुवा निकाल्ने) | भरही खोला(पिपरैया पुल देखि सुगौली सम्म) | २०००००।०० घन फुट | १।०० | २०००००।०० | १०००।०० |
| ३ | ६/०७४/०७५ | बोलपत्र(भस्कट, बालुवा निकाल्ने) | भरही खोला(सुगौली देखि अमानिगंज बोडर सम्म ) | २०००००।००घन फुट | १।०० | २०००००।०० | १०००।०० |
| ४ | ७/०७४/७५ | बोलपत्र(भस्कट, बालुवा निकाल्ने) | झरही खोला (बडसारे देखि शंकरपुर हुदै बोडर सम्म) | २०००००।००घन फुट | १।०० | २०००००।०० | १०००।०० |
| ५ | ८/०७४/७५ | बोलपत्र(भस्कट, बालुवा निकाल्ने) | तुरिया खोला (तोनाहा देखि बोडर सम्म) | १०००००/०० घन फुट | १।०० | १०००००/- | १०००/०० |

२०७४।१२।०५

प्रमुख प्रशासकिय अधिकृत

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत